## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ०३-२०८०/०८१

मिति २०८०/०५/१७ समय: बिहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| **नामथर** | **पद** |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ०३-२०८०/०८१

मितिः २०८०/०५/१७

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. निजामती सेवा दिवस र कर्मचारी पुरस्कार सम्बन्धमा
३. विपद् राहत सम्बन्धमा
४. अ.न.मी. र कार्यालय सहयोगी ब्यवस्थापन सम्बन्धमा
५. निःशुल्क औषधी तथा सर्जिकल सामान वितरण सम्बन्धमा
६. झोलुङ्गेपुल समपुरक बजेट सम्बन्धमा
७. बाटोको मापदण्ड निर्धारण र लगत कट्टा सम्बन्धमा
८. शिक्षा र वाल दिवस सम्बन्धमा
९. तिज प्रतियोगिता संचालनको लागि महिला संजाललाई सहयोग सम्बन्धमा
१०. सवारी साधन मर्मत सम्भार सम्बन्धमा
११. विपद् जन्य जोखिम कम गर्ने सम्बन्धमा
१२. लागत इष्टिमेट स्वीकृत सम्बन्धमा
१३. हाट बजार संचालन सम्बन्धमा
१४. प्रधानमन्त्री रोजगार कार्याक्रम सम्बन्धमा
१५. भूमी, आयोग, जग्गा नापजाँच सम्बन्धमा

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अधिको कार्यपालिका वैठकबाट भएको निर्णयको कार्यान्वयन प्रगतिको समिक्षा गरियो ।

**निर्णय नं. २:** यहि भाद्र महिना २२ गते निजामती सेवा दिवस मनाउने र निजामती सेवा दिवसको उपलक्ष्यमा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाका कर्मचारीहरु मध्ये उत्कृष्ट ३ जना कर्मचारीलाई र उत्कृष्ट कार्य गर्ने २ वटा उपभोक्ता समितिलाई पुरस्कृत गर्ने निर्णय गरियो । कर्मचारी पुरस्कार प्रति व्यक्ति रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र) नगद र उपभोक्ता समितिलाई रु. १,००,०००।– (अक्षरुपी एक लाख रुपैंया मात्र) बराबर थप एक एक योजना उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:** तपसिलका ब्यक्ति तथा संस्थालाई तपसिल अनुसारका विपद् राहत तथा पुनःस्थापन शीर्षकबाट राहत दिने निर्णय गरियो ।

तपसिल:

क) वडा नं. ४, मोहोरियाका राजेन्द्र गुरुङ – पहिरोले जग्गा र कोदोबारी पूर्ण क्षति:- रु. ५०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

ख) वडा नं. ४, इन्द्र माया गुरुङ – पहिरोले कोदो र मकै पुरेको:- रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)

ग) वडा नं. ४, मोहोरियाका शान्ता गुरुङ – पहिरोले जग्गा र घैयाबारी पूर्ण क्षति:- रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)

घ) वडा नं. ३, बहादुर गुरुङ – चट्याङ्बाट बाख्राको मृत्यु भएको:- रु. ६,०००।– (अक्षरुपी छ हजार रुपैंया मात्र)

ङ) वडा नं. ५, नर बहादुर आले – अविरल बर्षाले सालको रुख ढलेर घरमा क्षति भएको: रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)

च) वडा नं. ३, ल्हुङ्ग्रीङ, डोडे ढकियामा खेम बहादुर मगर अविरल बर्षाले घर भत्केर क्षति र घरधनी घाईते भएको:- रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैंया मात्र)

छ) वडा नं. ४, गाईघाट बेलडाँडा टोल, घुस्रीकुनामा पहिरोले हर्क बहादुर भुजेलको घरमा क्षति पुर्याएको:- रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र)

ज) वडा नं. ४, गाईघाट बेलडाँडा टोल, डिल बहादुर भुजेल – अविरल बर्षाले पहिरो गई खेतिपाति नोक्सान गरेको:- रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)

झ) वडा नं. ४, गाईघाट बेलडाँडा टोल, मंगले भुजेल – अविरल बर्षाले पहिरो गई खेतिपाति नोक्सान गरेको:- ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)

ञ) वडा नं. ४, देवराज भुजेल – पहिरोले घर भत्काएको पूर्ण रुपमा क्षती भएको:- रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैंया मात्र)

**निर्णय नं. ४:** धर्मार्थ अस्पतालमा स्वास्थ्य सेवा प्रवाह संचालन गर्न अत्यावश्यक भएकोले छिपछिपे स्वास्थ्य चौकीमा करारमा कार्यरत सहायक स्तर चौथो तहका अ.न.मी. सोममाया गुरुङलाई धर्मार्थ अस्पतालको लागि स्वीकृत कार्यक्रम बजेटबाट पारिश्रमिक दिने गरी धर्मार्थ अस्पतालमा कामकाजमा खटाई काममा लगाउने र धर्मार्थ अस्पतालको कार्यक्रम शीर्षकबाट पारिश्रमिक पाउने गरी एक जना कार्यालय सहयोगी करारमा भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** चालु आ.व. मा १५३ थरिका निःशुल्क औषधी र सर्जिकल सामान सबै स्वास्थ्य संस्थाहरुबाट वितरण गर्ने निर्णय गरियो । सोही अनुसार खरिद प्रक्रिया पनि अगाडी बढेको जानकारी भयो ।

**निर्णय नं. ६:** झोलुङ्गे पुल निर्माण गर्न गाउँ पालिकाको तर्फबाट लागत सहभागिता बजेट नभएकोले आगामी सभाबाट बजेट ब्यवस्था भएमा सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** सबै वडाहरुको बाटोको मापदण्ड निर्धारण गरी सिफारिस पठाउन र बाटोको लगत कट्टा गर्नु पर्ने भएमा लगत कट्टा गर्ने प्रक्रिया अगाडी बढाउन वडा कार्यालयलाई निर्देशन दिइयो ।

**निर्णय नं. ८:** राष्ट्रिय विज्ञान दिवस, बाल दिवस मनाउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिइयो ।

**निर्णय नं. ९:** "लोक संस्कृति संरक्षणमा हाम्रो अभियान" भन्ने मूल नाराका साथ महिला अधिकार सुनिश्चितता र महिला हिंसा न्यूनिकरणको विषयमा तिज प्रतियोगिता संचालनको लागि महिला संजालको लागि विनियोजित रकम मध्येबाट रु. १,००,०००/- (अक्षरुपी एक लाख रुपैंया मात्र) नगद अनुदान सहयोग गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर
अध्यक्ष

**निर्णय नं. १०**: कार्यालयको काममा निजी मेटरसाइकल/स्कुटर प्रयोग गर्ने कर्मचारीलाई मर्मत संभार गर्न बढिमा प्रति महिना रु. १०००/- (अक्षरुपी एक हजार रुपैंया) बराबरको विलको रकम उपलब्ध गराउने वा मर्मत गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ११:** यस देवघाट गाउँपालिका वडा नं. ४, मोहरिया, आहालेडाँडा बस्ती र बाटो माथिबाट विभिन्न ठाउँमा पहिरो गएको र थप उच्च जोखिमको सम्भावना रहेकोले बस्ती तथा बाटोमा थप सम्भावित क्षति हुनबाट जोगाउन प्राविधिक लागत इष्टिमेट अनुसारको रकम रु. १,४४,७४,८५०.२६ (अक्षरुपी एक करोड चौवालिस लाख चौरहत्तर हजार आठ सय पचास रुपैंया पैसा छब्बिस मात्र) विपद् शीर्षकबाट वा अन्य मिल्दोजुल्दो शीर्षकबाट उपलब्ध गराईदिनको लागि तथा सम्बन्धित निकायमा सिफारिस गरिदिनको लागि जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउनै निर्णय गरियो ।

**निर्णय नं. १२:** अनुमानित लागत इष्टिमेट रकम स्वीकृत सम्बन्धमा तपसिल अनुसारका सवारी साधन मेशिनरी उपकरणको अनुमानित लागत इष्टिमेट स्वीकृत गरियो ।

तपसिल:

क) ब्याक हो लोडर रु. ५०,६०,०००।– (अक्षरुपी पचास लाख साठी हजार रुपैंया मात्र) (३% कन्टिजेन्सी र मूल्य अभिवृद्धि कर सहित)

ख) ट्याक्टर रु. २०,५०,०००।– (अक्षरुपी बिस लाख पचास हजार रुपैंया मात्र) (३% कन्टिजेन्सी र मूल्य अभिवृद्धि कर सहित)

**निर्णय नं. १३:** वडा नं. ५ मा रहेको हाटबजार पुन: संचालन गर्नु मर्मत गर्नुपर्ने तथा थप पानी ट्यांकी राख्नुपर्ने भएकोले लागत इष्टिमेट अनुसार रु. ६१,१००।– (एकसठ्ठी हजार एक सय रुपैंया मात्र) गाउँपालिकाको पूँजीगत भैपरी शीर्षकबाट ब्यहोर्ने गरी हाट बजार संचालन समितिसँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार ब्यक्तिहरुको प्राथमिकता क्रम सहितको विवरण स्वीकृत गरियो ।

**निर्णय नं. १५:** राष्ट्रिय भूमी आयोग, जिल्ला समिति तनहुँबाट भूमीहिन सुकुम्बासी, दलित सुकुम्बासी र अव्यवस्थित वसोवासीहरुको लागि जग्गा नापजाँच गर्नको लागि गत आ.व. २०७९/८० मा कन्ट्रोल पोइन्ट र मेशिनको भाडाको लागि छुट्टाछुट्टै सम्झौता गरी भुक्तानी दिइएकोमा चालु आ.व. २०८०/०८१ मा बाँकी जग्गा नापजाँच गर्नको लागि DGPS मेशिन भाडा प्रति मेशिन प्रतिदिन रु. ५,०००/- (अक्षरुपी पाँच हजार रुपैंया मात्र) र सर्भेएर प्रति व्यक्ति प्रति दिन रु. २,३९६/- (अक्षरुपी दुई हजार तीन सय छयानब्बे रुपैंया मात्र) कायम गर्ने निर्णय गरियो र सोही अनुसार कोटेशन प्रक्रियाबाट परामर्शदातासँग सम्झौता गरी कार्य अगाडी बढाउने निर्णय गरियो । साथै परामर्शदातालाई ईन्धन, खाना, खाजा लगाएत अन्य कुनै पनि खर्च व्यहोरिने छैन ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष